कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

१नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८
च.नं.: ४८६

मिति : २०७७/०७/१९

विषय : सहभागि मनोनयन गरि पठाईदिने सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु सबै
कचनकवल गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर काठमाडौंको च.नं. ६६ मिति २०७७०७१७ गतेको प्राप्त पत्रानुसार प्रारम्भिक सहकारी संस्थाहरुका लागि ४ दिने आधारभुत सहकारी तालिम भर्चुअल माध्यमबाट संचालन हुन गईरहेको हुनाले उक्त प्रशिक्षणमा सहभागि हुन इन्टरनेटको सुविधा भएका इच्छुक सहकारी संस्थाहरुले दुई दिनभित्र सहभागि हुने व्यक्ति प्रति संस्था १(एक) जना छनौट गरि यस कार्यालयमा पठाईदिनहुन अन्य आवश्यक काजगात र आधारहरु सहितको सहकारी प्रशिक्षण केन्द्रको पत्र यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:श्री सूचना प्रविधि अधिकृत वेवसाईडमा अपलोड गरिदिनुहुन ।

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com
वेबसाइट: www.kachankawalmun.gov.np फोन नं.: ९८५२६५५२१०
"व्यवसायिक कृषि र उद्यममा आधारित पर्यटकीय पूर्वाधार - शिक्षा, स्वास्थ्य र यातायात सञ्जाल कचनकवलको समृद्धिको आधार"

Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: cctcktm@gmail.com

प.सं.: ०७७/७८
च.नं.: ६८

मिति २०७७/०७/१७

विषयः सहभागी मनोनयन गरिदिनु हुन ।

श्री कचनकवल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
झापा ।

प्रस्तुत विषयमा यस केन्द्रले भर्चुअल माध्यमबाट मिति २०७७/०७/२३ गतेदेखि प्रारम्भिक सहकारी संस्थाका लागि ४ (चार) दिने आधारभूत सहकारी तालिम सञ्चालन गर्न गइरहेको हुँदा तहाँ गाउँपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरु मध्येबाट तपसिलमा उल्लेखित आधारमा ५ जना सहभागी छनौट गरी उक्त तालिम कार्यक्रममा उपस्थित हुने व्यवस्था गरिदिनु हुन अनुरोध छ ।

तालिमको नामः आधारभूत सहकारी तालिम

तालिमको अवधिः २०७७/०७/२३ - २०७७/०७/२६ सम्म ४ दिने

तपसिल

(क) छनौटका आधारः

(१) सकेसम्म भर्खरै स्थापना भएका नयाँ सहकारी संस्थाबाट सहभागीहरु छनौट गर्नुपर्नेछ । नयाँ सहकारी संस्था नभएको खण्डमा पुराना सहकारी संस्थाबाट पनि कुनै पनि सहकारी तालिम नलिएका सञ्चालक, लेखा समितिका पदाधिकारी तथा व्यवस्थापकलाई सहभागीको रुपमा छनौट गर्न सकिनेछ ।

(२) विद्युतीय माध्यमबाट प्रशिक्षण कार्यक्रममा सहभागी हुन आवश्यक पूर्वाधारका अतिरिक्त नियमित विद्युत आपूर्ति तथा उच्च गतिको ईन्टरनेट भएको हुनुपर्नेछ ।

(३) मनोनयन भएका सहभागीको विवरण प्रशिक्षण सुरु हुनु भन्दा अगावै पठाउनुपर्नेछ ।

(४) कुनै कारणवश सहभागी पठाउन नसक्ने अवस्था भएमा तालिम शुरु हुनु अगावै यस केन्द्रलाई जानकारी दिनु पर्नेछ ।

(ख) सहभागीको सुविधा सम्बन्धी व्यवस्थाः

(१) सहभागीहरुलाई तालिम अवधिको रु. ४००।- ( चार सय मात्र) का दरले दैनिक भत्ता, खाजा खर्च दैनिक रु. २००।- (दुइ सय मात्र) का दरले र स्टेशनरी खर्च ४ दिनको रु. ५०।- (पचास मात्र) गरी एकमुष्ठ रुपमा नियमानुसार करकट्टी गरी सहभागीको बैंक खाता मार्फत् उपलब्ध गराइनेछ । तर दुई भन्दा बढी सत्रमा अनुपस्थित हुने सहभागीलाई यो सुविधा उपलब्ध नगराइनुका साथै प्रमाण पत्र समेत प्रदान गरिनेछैन ।

(२) सहभागी प्रमाणपत्र र तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेल मार्फत उपलब्ध गराइनेछ ।

Scanned with CamScanner

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: cctcktm@gmail.com

प.सं.: ०७७/७८
च.नं.:

<u>(ग) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात</u>:- तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ । यसका लागि www.sop.stsolutions.com.np मा गई Registration botton मा click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ ।

(१) सहभागीको १ प्रति पासपोर्ट साइजको फोटो र ना.प्र.प. वा परिचयपत्रको प्रतिलिपि।

(२) नियामक निकाय वा जिल्ला सहकारी संघ र संस्थाको मनोनयनपत्र ।

(३) सहभागीको मोबाइल नं., gmail ठेगाना लगायत रजिष्ट्रेशन फाराममा माग भएका अन्य विवरण ।

<u>(घ) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता</u>

(१) तालिम कार्यक्रममा होहल्ला रहित शान्त वातावरणमा सहभागी हुनुपर्नेछ ।

(२) तालिमको समयमा सहभागी रहेको कोठामा अन्य व्यक्ति प्रवेश गर्न पाइनेछैन ।

(३) कक्षा सत्र सुरु हुनुभन्दा १० मिनेट अगावै लग इन गरी सम्पूर्ण कक्षा सत्र पूरा नभए सम्म शिष्ट र मर्यादित रुपम रहनु पर्नेछ ।

(४) तालिम कार्यक्रमको प्रयोगकर्ता नाम (यूजर नेम) र पासवर्ड अनधिकृत रुपमा प्रयोग तथा वितरण गर्न पाइनेछैन ।

(५) तालिमको समयमा आफ्नो भिडियो बन्द गर्नु हुँदैन । अडियोको प्रयोग प्रश्न राख्न वा अन्तरक्रियामा प्रशिक्षकको अनुमति लिई गर्नुपर्नेछ ।

(६) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ ।

(७) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन ।

(८) प्रचलित विद्युतीय कानुनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(९) आचार संहिता सम्वन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ ।

नोटः- यस सम्बन्धमा कुनै थप जिज्ञासा भएमा सम्पर्क गर्ने व्यक्तिः-

| | |
|---|---|
| सुभाकर पौडेल, सहकारी प्रशिक्षक | सम्पर्क नं. ९८५११४५६७२ |
| पवित्रा ढकाल, सहकारी प्रशिक्षक | सम्पर्क नं. ९८४६११३९८१ |
| नारायण कार्की, सहकारी प्रशिक्षक | सम्पर्क नं.९८५६०६३०९७ |

रोशनशङ्कर घिमिरे
प्राचार्य

Scanned with CamScanner